# लेखापरीक्षण प्रतिवेदन

## सिम्ता गाउँपालिका, सुर्खेत

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सिम्ता गाउँपालिका, सुर्खेत

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/425

श्रीमान् अध्यक्षज्यू,
सिम्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुर्खेत।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/425

श्रीमान् अध्यक्षज्यू,

सिम्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

सुर्खेत।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

**१. कैफियतसहितको राय**

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.१ अर्व २२ करोड १३ लाख ५४ हजारको लेखापरीक्षणबाट रु.१ करोड ६९ लाख १५ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.२ लाख ४९ हजार संपरीक्षण भई असुल गर्नुपर्ने रू.६ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३६ लाख ७० हजार र नियमित गर्नुपर्ने रू.१करोड १५ लाख ३६ हजार गरी जम्मा रु.१ करोड ६६ लाख ६६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.३० करोड ७६ लाख २२ हजारमध्ये रु.३ लाख ६९ हजार फर्स्योट भई हालसम्म अद्यावधिक बेरुजु रु.३२ करोड ३९ लाख १९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट संपरीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७६ | २८ | १,६९,१५,३४० | ० | २ | २,४८,६३९ | ० | ७६ | २६ | १,६६,६६,७०१ | ६,९०,७०१ | १,१५,३६,५२३ | ३६,७०,४७७ | ० | ० | १,५२,०७,००० | ७,६९,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष संपरीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुर्खेत | ३०,७६,२२,१४८ | ० | ३,६९,४८८ | ३०,७२,५२,६६० | ० | १,६६,६६,७०१ | ३२,३९,१९,३६१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ७५ | बढी दरमा भुक्तानी | १७,४०० |
| २ | २०८१/८२ | ५० | ढुंगा गिट्टीको आम्दानी | २,३१,२३९ |
| ३ | २०८०/८१ | | सुशासन समिति | ४,२५० |
| ४ | २०८०/८१ | | विल भरपाई | १,००,००० |
| ५ | २०८०/८१ | | वडा समिति बैठक | १२,२४० |
| ६ | २०८०/८१ | | राजश्व दाखिला | १३,९०६ |
| ७ | २०८०/८१ | | बैठक भत्ता | १२,२४० |
| ८ | २०८०/८१ | | गाउँसभा र गाउँकार्यपालिका | ११,२२० |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | | कर्मचारी प्रोत्साहन भत्ता | ४,६३२ |
| १० | २०७९/८० | | विल भरपाई पेश नभएको | १,००,००० |
| ११ | २०७७/७८ | | पेश्की बाँकी | १,११,००० |
| जम्मा | | | | ६,१८,१२७ |

# सिम्ता गाउँपालिका, सुर्खेत

# ( ८०६६८५०४३०० )

# सिम्ता गाउँपालिका , सुर्खेत

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। कुल ९ वडामा ५० सभा सदस्य रहेको पालिका २४१.६४ वर्ग किलोमिटर क्षेत्रफल तथा २४ हजार ८३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।२९ देखि २०८२।१०।३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग मिति २०८२।१०।२६ छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय व्ययतर्फ रु.१ अर्व २२ करोड १३ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन. २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकत भए बमोजिमको ढाँचामा लेखा राख्नपर्ने व्यवस्था गरेकोमा यस स्थानीय तहले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनसार लेखाङ्कन तथा प्रतिवेदन गर्नपर्ने व्यवस्था छ। स्थानीय तहले उपलब्ध गराएको कोषको एकीकत आय व्ययको विवरण देहायबमोजिम रहेको छ । एकीकृत वित्तिय प्रतिवेदन (मलेप फारम नम्बर २७०) अनुसूचीमा उल्लेख छ।

# सिम्ता गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### आय-व्यय विवरण आ.व. २०८१/८२

| सि.नं. | आयतर्फ विवरण | रकम | रकम | सि.नं. | व्ययतर्फ विवरण | रकम | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | | ३६७९८७३३.२९ | १ | चालु खर्च | ३६९३६९६४८.८१ | ३६९३६९६४८.८१ |
| | क) सञ्चित कोष | १४,१५७,८४२.०० | | २ | पूँजीगत खर्च | १०३४९०७५३.०० | १०३४९०७५३.०० |
| | ख) धरौटी | ५४३५७२५.२९ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| | ग) विविध खर्च खाता | १६९८३७७४.०० | | | क) ऋण भुक्तानी | | |
| | घ) विविध कोष खाता | | | | ख) ब्याज भुक्तानी | | |
| | ङ) प्रकोप व्यवस्थापन कोष | २२१३९२.०० | | | | | |
| २ | राजस्व | | ११२६६३८६.३३ | ४ | लगानी | | |
| | क. आन्तरिक राजस्व | ८६६५१३०.३३ | | | क) ऋण लगानी | | |
| | ख.दहत्तर बहत्तर | २६०१२५६. | | | ख) शेयर लगानी | | |
| ३ | संघीय सरकारबाट प्राप्त अनुदान | | ४६२२९०७४४.४३ | ५ | धरौटी फिर्ता | | १२२०५२५.०० |
| | क) वित्तिय समानीकरण अनुदान | ९२२१८८००.०० | | ६ | विविध खर्च खाताबाट खर्च | | १८००३५२२.०० |
| | ख) सशर्त अनुदान | २६६२०९७००.०० | | ७ | विभिन्न कोष खर्च | | ११३७९०.०० |
| | ग) समपूरक अनुदान | ०.०० | | | क) कर्मचारी कल्याण कोष | | |
| | घ) विशेष अनुदान | ४६३७०३३.०० | | | ख) अक्षय कोष | | |
| | ङ) राजस्व बाँडफाँड संघ | ९९२२५२११.४३ | | | ग) सहकारी प्रवर्द्धन कोष | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४५३८२९८०.५५ | | घ) अन्तर स्था. तह बारुण यन्त्र कोष | | |
| | क) वित्तिय समानीकरण अनुदान | ११३४७०००.०० | | | ङ) प्रकोप व्यवस्थापन कोष | ११३७९०.०० | |
| | ख) सशर्त अनुदान | २०७८७२००.०० | | ८ | अन्तर सरकारी अख्तियारी(संघ) | | १२८६७८५०२.९१ |
| | ग) समपूरक अनुदान | ५९४५९२६.०० | | | क) सामाजिक सुरक्षा तथा संरक्षण | १०८९०६७२४.०० | |
| | घ) विशेष अनुदान | ५६२३०००.०० | | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३१५२६६५.०० | |
| | ङ) राजस्व बाँडफाँड प्रदेश | १६७९८५४.५५ | | | ग) स्थानीय पुर्वाधार विकास कार्यक्रम | १६६१९११३.९१ | |
| ५ | अन्तर सरकारी अख्तियारी(संघ) | | १२८६७८५०२.९१ | ९ | संघीय अनुदान फिर्ता | | ३१०७९५१२.०४ |
| | क) सामाजिक सुरक्षा तथा संरक्षण | १०८९०६७२४.०० | | | क) सशर्त अनुदान | २९९२९१२९.०४ | |
| | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३१५२६६५.०० | | | ख) विशेष अनुदान | ११५०३८३.०० | |
| | ग) स्थानीय पुर्वाधार विकास कार्यक्रम | १६६१९११३.९१ | | | ग)समपुरक अनुदान | ०.०० | |
| ६ | अन्य आय (विविध खर्च खाता) | | | १० | प्रदेश अनुदान फिर्ता | ०.०० | १३०२६३९.०० |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | | क) सशर्त अनुदान | ११९७१५१.०० | |
| | ख) सि.न.पा साझेदारी | | | | ख) विशेष अनुदान | ३७००.०० | |
| | ग) अन्य स्थानीय तह | | | | ग)समपुरक अनुदान | १८१७८८.०० | |
| | घ) पि एल जि एस पि | | | ११ | अन्य | | |
| | ङ) खर्च खातामा अन्य आय | | | १२ | अन्तिम मौज्दात | | ४५२३७१३५.८४ |
| ७ | विभिन्न कोष तर्फको आय | | ११०५१६५३.४८ | | क) सञ्चित कोष मौज्दात | २५७८१२७९.९१ | |
| | क)विविध खर्च खाता | १०००४६१३.०० | | | ख) धरौटी मौज्दात | ७२४२२२७.९० | |
| | ख) गरिबि निवारण कोष जि स स अल्या रकम | ५१९९०५.०० | | | ग)विविध खर्च खाता मौज्दात | ८९८४८६५.०३ | |
| | ग) अन्य आय | ५२७१३५.४८ | | | घ) कर्मचारी कल्याण कोष | | |
| | घ) विविध कोष खाता | | | | ख) गरिबि निवारण कोष जि स स अल्या रकम | ५१९९०५.०० | |
| | ङ) प्रकोप व्यवस्थापन कोष | | | | च) सहकारी प्रवर्द्धन कोष | | |
| ८ | धरौटी आय | | ३०२७०२७.६१ | | छ) दहत्तर बहत्तर | २६०१२५६.०० | |
| ९ | लगानीको साँवा फिर्ता | | | | ज) प्रकोप व्यवस्थापन कोष | १०७६०२.०० | |
| | जम्मा | | ६९८४९६०२८.६० | | जम्मा | | ६९८४९६०२८.६० |

0.00

गणेश कुँवर
वरिष्ठ लेखा अधिकृत

धनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (मलेप फारम नम्बर २७०) तयार गर्नुपर्छ

स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली बाहिर देहायको कारोबार गरेको छ ।

| सि.नं. | कार्यक्रम | निकासा/खर्च |
|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १०८९०६७२४ |
| २ | स्थानिय पुर्वाधार सहयोग कार्यक्रम | १६६१९११३.९१ |
| ३ | आन्तरिक मामिला तथा कानून | २४०००० |
| ४ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम चालु | ३८५००० |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पुँजिगत | २७६७६६५ |
| | जम्मा | १२८९१८५०३ |

आन्तरिक मामिला र कानून मन्त्रालयले दश वर्षे सशस्त्र जनयुद्धका मृतकको हकवाला र पिडितलाई राहतको रुपमा उपलब्ध गराएकोछ। सो रकम जिल्ला प्रशासन कार्यालयले दिएको राहत सँग दोहोरो परेको यकिन हुने आधार समेत यकिन हुने प्रमाण संलग्न गरेको पाइएन।

## ४ गत वर्षको मौज्दात स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा लेखा दुरुस्त राख्नुपर्ने व्यवस्था छ। गतवर्षको पालिकाले पेश गरेको वित्तीय विवरण अनुसार रु.२४२९०५५१.२९ मौज्दात रहेकोमा यो वर्ष रु.३६६५७४९२.३३ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१२३६६९४१.०४ बढी जिम्मेवारी सारेको देखिएता पनि सुत्रमा आ.ब. २०८०।०८१ को अन्तिम मौज्दात रु.३६६५७४९२.३३ रहेको पाइयो।

## ५ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१८१२४९९१.१८ , यस वर्षको प्राप्ति रु.१७४७९९१३४.११, यस वर्षको भुक्तानी रु.१७१३७८२७१.९९ र बैङ्क मौज्दात रु.८८२५०७०.९० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ३६६५७४९२.३३ | ४८४४५०४५१.७५ | ४७२८६०४०१.८१ | ४२३६८४८३.७१ |
| एकीकृत आर्थिक विवरणअनुसार | १८५३२५००.७५ | ६५९२४९५८५.८६ | ६४४२३८६७३.८ | ३३५४३४१२.८१ |
| फरक | -१८१२४९९१.५८ | १७४७९९१३४.११ | १७१३७८२७१.९९ | -८८२५०७०.९० |

## ६ कर दायित्व

आयकर ऐन २०५८ को दफा ९२ बमोजिम कट्टा भएको अग्रिम कर २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (मलेप फारम नम्बर २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१२१६४१०। देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,१६,४१० |

७ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (मलेप फारम नम्बर २१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छन्।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २५७८१२७१.९१ | २५७८१२७९.९१ | -८ |
| चालु खर्च खाता | -३९०२८७ | ० | -३९०२८७ |
| पुँजीगत खर्च खाता | -७१८७८७ | ० | -७१८७८७ |
| विविध खर्च खाता | ८८८२१५५.०३ | ९०१३२१३.०३ | -१३१०५८ |
| स्थानिय तह प्रकोष व्यवस्थापन खाता | १०७६०२.०१ | ११२२२८.०१ | -४६२६ |
| स्थानीय विभाज्य कोष | १००५००० | २६०१२५६ | -१५९६२५६ |
| ग१.१, आन्तरिक राजस्व खाता | -६०६१२.१४ | ० | -६०६१२.१४ |
| विविध कोष खाता | ५१९९०५ | ५१९९०५ | 0 |
| जम्मा | ३५१२६२४८ | ३८०२७८८२ | -२९०१६३४.१४ |

चालु खर्च खाता, पुँजिगत खर्च खाता र आन्तरिक राजश्व खाता मा राजश्व लाखिला गर्नु पर्ने बाँकी रहेको रकम बैकमा पा नभएकाले दाखिला नगरेकाले सो रकम नेगेटिभ देखाएको पाइयो। अतःपालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

८ **सञ्चित कोषमा स्थानान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.५१५५५३९.४, मिति २०८२।४।१३ मा, मिति २०८२।४।१३ पुँजीगत खातामा रु. ४९०४२३०.९, र मिति २०८२।४।२२ मा आन्तरिक राजस्व खातामा रु.११८७४७७.१० समेत रु. ११२४७२४७.४ मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१० **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु.५६ करोड ९५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति

२०८१।३।२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई भौतिक र वित्तीय लक्ष्य नतोकी बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

**११ क्षेत्रगत बजेट र खर्चको स्थिति**

विनियोजन ऐन, २०८१ बमोजिम क्षेत्रगत बिनियोजन गरी सन्तुलित रुपले खर्च गर्नुपर्ने व्यवस्था छ स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १७६५९००० | १५२६७८६२ | ३.२३ |
| २ | पूर्वाधार विकास | १००६४५३७० | ६७९५७१३० | १४.३७ |
| ३ | सामाजिक विकास | २९६१७४०५१ | २६२४२९०५६ | ५५.५० |
| ४ | सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र | १०१४०००० | ७१९४५५६ | १.५२ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १४५८६१५०५ | ११९९७१७९६ | २५.३७ |
| | जम्मा | ५७०४७९९२६ | ४७२८२०४०० | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५.५० प्रतिशत र सुशासन तथा अन्तर सम्वन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.५२ प्रतिशत रहेको छ ।

**१२ त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १०३४९१ | ३८२७ | ९३१७ | ४५९२ | ८५७५४ | ६५५९५ |
| प्रतिशत | | ३.७० | ९ | ४.४४ | ८२.८६ | ६३.३८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१० करोड ३४ लाख ९१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३८ लाख ३७ हजार (३.७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.९३ लाख १७ हजार(९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४५ लाख ९२ हजार(४.४४ प्रतिशत) र चौथो त्रैमासिकमा रु.८ करोड ५७ लाख ७४ हजार (८२.८६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६ करोड ५५ लाख ९५ हजार (६३.३८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने पद्धतिमा सुधार गर्नुपर्दछ।

**१३ दायित्व भुक्तानी**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले एकवर्षभित्र सम्पन्न गर्न सक्ने योजना सञ्चालन गर्नुपर्ने व्यवस्था छ। विनियोजन ऐन २०८१ मा गतवर्षको भुक्तानी बाँकी योजना समावेश नगरी पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (मलेप फारम नम्बर २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी चालु तर्फ ९ वटा कार्यक्रममा रु.२१०७६१३। र पुँजिगत तर्फ ८ वटा कार्यक्रममा रु.४२५७९९२। गरी जम्मा रु.६३६५६०५। भुक्तानी दिएको छ। पालिकाका कार्यक्रमहरु संचालन गर्दा आगामी वर्षमा दायित्व सृमजना नहुने गरी गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

१४ **सेवा प्रवाहः**

यस आर्थिक वर्षमा पञ्जिकरण शाखा तथा अन्य शाखाबाट उपलब्ध गराएको विवरण अनुसार पन्जिकर सेवा उपलब्ध गराएको विवरण प्राप्तभएको छ ।

| सि.नं. | विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| | पञ्जिकरणतर्फ | | |
| १ | जन्मदर्ता | ८५० | ९०५ |
| २ | मृत्युदर्ता | २६४ | १८३ |
| ३ | बसाईसराईदर्ता | १९३ | १३७ |
| ४ | विवाहदर्ता | ३४६ | ३२९ |
| ५ | सम्बन्धविच्छेददर्ता | ३२ | १६ |
| ६ | नागरिकता सिफारिस | १२०६ | १०२५ |
| ७ | घरबाटो सिफारिस | ४६ | ३६ |
| ८ | नाता प्रमाणित | ३७४ | ३११ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य घ वर्गको इजाजत, नक्सापास लगायतका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।

१५ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। पालिकाबाट यस वर्ष संचालनमा आएका वितरण मुखी कार्यक्रमहरु निम्नानुसार रहेका छन्। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

| क्र सं | भौ मिति | सामानहरुको विवरण | भुक्तानी रकम | कैफियत१ |
|---|---|---|---|---|
| १ | ५७५-०८२।३।२२ | फिल्टर वितरण | ३०९७७ | २१ जनालाइ फिल्टर वितरण |
| २ | ५९६-०८२।३।२३ | पौराणिक कला संस्कृति संरक्षण कार्यक्रम अन्तर्गत खेलकुद सामाग्री, साडी, झ्याली, टोपी पोते आदी | १५०००० | |
| ३ | २२६-२०८२।३।२५ | पञ्चे बाजा खरिद | १८०३४८ | |
| ४ | १८३-०८२।३।२३ | वडा न ८ मा खेलकुदका सामाग्री खरिद | ४९९४६ | |
| | | जम्मा | ४११२७१ | |

१६ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको बहोरा निम्नानुसार छन्:

 पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई मिति २०८२।६।२९ मा प्रतिवेदन तयार गरेकोमा जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी सामानको मूल्यांकन गरी मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नुपर्ने, मिन्हा गर्नुपर्ने र संरक्षण गर्नुपर्ने जिन्सीको अवस्था उल्लेख गरे वमोजिम जिन्सीको उचित मर्मत तथा लिलाम तथा संरक्षण गर्नुपर्दछ।

 सामानको जिन्सी निरिक्षण प्रतिवेदनमा मर्मत गर्नु पर्ने, लिलाम गर्नु पर्ने विवरण सामान अनुसार उल्लेख गर्नु पर्नेमा सो उल्लेख गरेको पाइएन। सामानहरुको अवस्था कैफियतमा उल्लेख गरेता पनि विस्तृत रुपमा उल्लेख गरेको पाइएन।

 पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

 पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण तयार गरेको छैन ।

 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा रहेका कोष तथा गाउँपालिका खाताहरूमा रहेको सबै मौज्दातलाई

एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरू एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेतापनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरूको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिलकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

 वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

 पालिकाको स्वामित्वमा रहेका घरजग्गाको विवरण PAMS मा प्रविष्टि गरेको छैन। पालिकाको नाममा रहेका सबै घर जग्गाको मुल्याङ्कन सहितको विवरण PAMS मा अभिलेख राख्नुपर्दछ ।

 महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१/८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लागु गरेको र PAMS-V2 मा यस अघी PAMS मा दाखिला गरेका खर्च भएर नजाने जिन्सीको मौज्दात मात्र अल्या गर्ने र खर्च भएर जाने जिन्सीको मौज्दात अल्या नगर्ने भएकोले आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा रहेका खर्च भएर जाने जिन्सीको मौज्दात मेनुयल रूपमा जिम्मेवारी सार्नु पर्नेमा विभिन्न प्रकारका खर्च भएर जाने सामनको अभिलेख समेत राखेको पाइयो।

## १७ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ .

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/ प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | | ३१ | | नयाँ २ वटा मोटर साइकल समेत |
| उपकरण (रु.१ लाखभन्दा बढी) | | २ | | पुरानो |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | २ | | एम्बुलेन्स र डोजर |

पालिकाले पेश गरेको विवरण अनुसार घर जग्गाको क्षेत्रफल र संख्या उल्लेख गरेको विवरण अध्यावधिक गरेको पाइएन। सावारी साधन रु.१ लख भन्दा माथिका सामान खरिदमा प्राप्त मिति तथा मुल्य उल्लेख गरेको पाइएन। अतः सामानहरुको मुल्य खुलाइ अभिलेख अध्यावधिक वगर्नु पर्दछ।

## १८ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन। पालिकाले यस वर्ष विभिन्न ३२ व्यक्तिहरुलाई रु.६५८२७२। आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.८२३७०९८। को ७९.९० प्रतिशत हुन आउँछ। पालिकाको आन्तरिक आय न्यून रहेको अवस्थामा सहायता खर्चमा मितव्ययिता कायम गरी खर्च नियन्त्रण गर्नुका साथै आर्थिक सहायता वितरणको विवरण एकीकृत सूचना सञ्जाल (वेबसाइट) मा सार्वजनिकिकरण गर्नुपर्दछ ।

## १९ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेको छ। तर पालिकाले कानुनमा भएको व्यवस्था वमोजिम त्यस्तो प्रणाली तयार गरी लागु गरेको भएतापनि देहायका क्षेत्रमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको देखिएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

 स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तयार भएतापनी सो कार्यान्वियनका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन,

 सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

 स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरी प्रगतिको समिक्षा गरेको पाईएन,

 पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

 वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तथा शहरीकरण भैरहेका स्थानलाई मध्यनजर गरी फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन,

 भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको तथा भ्रमण अभिलेख खाता पूर्ण रूपमा लागू गरेको पाईएन,

 स्थानीय तहले अधिकांस निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

 उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने तथा अनुगमनको व्यहोरा कार्यान्वियनको अवस्था मुल्याङ्कन गरेको पाइएन,

 पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन,

 स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख तयार गरेको देखिएन,

 ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता तयार गरेको देखिएन,

 पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन । त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन,

 स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

 मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई प्रदान गरेको पाईएन,

 कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख तयार गरेको देखिएन,

 सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

 म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख तयार गरेको देखिएन,

 मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य गरेको देखिएन,

 राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेमा अमानतवाट सङ्कलन गरेको नगद राजस्व असुली गरी निश्चित अवधि पश्चात् मात्र वैङ्क दाखिला गर्ने गरेको देखियो । सवै कारोवार वैङ्किक प्रणाली मार्फत संङ्कलन गरेको देखिएन,

 उपभोक्ता समितिहरू स्थायी लेखा नम्वर (PAN) मा आंशिक दर्ता भएको तथा विजक जारी गरेको पाईएन,

 अनुदान वितरण गर्दा लाभग्राही छनौटको मापदण्ड लागत साझेदारीको मापदण्ड तय गरेको पाईएन,

 कुनै रकम भुक्तानी गर्दा सम्वन्धित शाखावाट भुक्तानीको सिफारीस पत्र (मलेपफा नं २०२) प्राप्त भए पश्चात मात्र भुक्तानी गर्नुपर्नेमा उक्त व्यवस्थाको पालना भएको देखिएन

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ।

२० **वार्षिक खरिद योजनाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२२८७७५३१.९१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२१ **खर्च बिश्लेषणः**

स्थानीय आर्थिक ऐन, २०८१ र स्थानीय विनियोजन ऐन, २०८१ बमोजिम आन्तरिक आम्दानी रु.८००००००। राजश्व बाँडफाड र अनुदान रु.५४९०८६०८४। समेत रु.५५७०८६०८४। अनुमान गरिएको पाइयो। पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.८२३७०९७। राजस्व बाँडफाँड र अनुदानबाट रु.४७६२१३३५४ समेत रु.४८४४५०४५१। आम्दानी भएकोमा चालु तर्फ रु.३६९३६९६४८। र पूँजिगत तर्फ रु.१०३४९०७५३। समेत रु.४७६२१३३५।खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६४८६०२५। खर्च भएको छ जुन आन्तरिक आयको ७८.७४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.३६ प्रतिशत चालु र २१.७३ प्रतिशतमात्र

पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ। कूल विनियोजन रु.५७१२४३९२६.४५ भएकोमा रु.४७२८६०४०१। खर्च गरी कूल ८२.७७ प्रतिशत वित्तीय प्रगति गरेको छ। लक्षित बजेट कार्यान्वयन भएको पाइएन बजेटको लक्षित उद्देश्य विश्लेषण गर्नुपर्दछ।

२२ **आय अनुमान र उपलब्धी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.८००००००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.८२३७०९७। अर्थात लक्ष्य भन्दा २.९६ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

२३ **स्थानीय तथ्याङ्क**

स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२४ **दिगो विकास लक्ष्यहरुको स्थानीयकरण**

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धि विश्व आयोग ब्रुटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य नामक अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ । यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजना समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ । पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ। दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालिन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

२५ **जोखिम मूल्याङ्कन**

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कनमा यस पालिकाले आर्थिक बर्ष २०८०।८१ मा ६९ प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ९१.५० प्रतिशत अङ्क प्राप्त गरेको पाइयो। पालिकाले क्षमता स्वमुल्याङ्कनका क्रममा संगठन तथा प्रशासन, सेवा प्रवाह, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, सामाजिक समावेशिकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय लगायतका विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ। साथै जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, अनुगमन, मुल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापन लगायतका विषय क्षेत्रमा भएको जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

२६ **कानून कार्यान्वयन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ८ वटा नियमावली, ९६ कार्यविधि लगायत १३३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

२७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ९ र यो वर्ष थप भएको ३१ गरी कुल ४० विवाद दर्ता भएकोमा २९ वटा मात्र फर्स्यौट भई ११ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२८ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३१ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा १५ वटा दाखिला गरेको पाइयो भने १६ वटा एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) गएको पाइएन। पालिकामा रहेका मध्ये २ वटा सहकारी समस्या ग्रस्त रुपमा रहेको पाइयो। पालिका भित्र रहेका सहकारी मध्ये १० वटा प्रभावकारी रुपमा संचालनमा आएको १९ वटा प्रभावकारी रुपमा संचालनमा आएको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२९ **फोहोरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।पालिकाले नजिकको बजारमा संकलन भएको फोहर डम्पिङ्ग साइड बनाएर व्यवस्थापन गर्नु पर्नेमा पालिका परिषरमा जम्मा गर्ने गरेको पाइयो। अतः पालिकाभित्र सृजित फोहरको व्यवस्थित व्यवस्थापन गरिनु पर्दछ।

३० **अनुदानको अनुगम**

विनियोजन ऐन २०८१ को अनुसुची वमोजिम वाँडफाट रकमवाट मापदण्ड वमोजिम कार्यक्रम सञ्चालन गरी पारदर्शि रुपले सञ्चालन गरी पारदर्शी रुपले सञ्चालन गरी सार्वजनिक गर्नुपर्दछ। सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, कार्यक्रममा रु.१३०८००० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। पालिकालबाट दिएको अनुदान कार्यालयको एकीकृत सूचना सञ्जाल (वेभ साईट) मा राखेको पाईएन। अनुदानबाट भएको उत्पादनको मूल्य सहुलियत विक्री मूल्य समेत सम्झौतामा खुलाएको नपाईएकोले मूल्य खुलाएर अनुदान सार्वजनिक गर्न बेभसाईटमा राख्नुपर्दछ।

| क सं | कार्यक्रमको नाम | कुल बजेट | पालिकाको खर्च | कृषकको खर्च | लाभग्री संख्या |
|---|---|---|---|---|---|
| १ | एक घर एक करेसावारी कार्यक्रम | २००००० | १९९५०० | ० | ३ सहकारीका ५०० कृषक |
| २ | माटो परिक्षण शिविर संचालन कार्यक्रम | १००००० | १००००० | ० | ४१ जना कृषक |
| ३ | फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम | १५०००० | ९७५०० | ५२५०० | २ वटा कृषि फर्म |
| ४ | व्यवसायिक फलफूल वगैचा व्यवस्थापन | ३००००० | २७६००० | | १७ जना कृषक |
| ५ | व्यवसायिक फलफूल तरकारी आलु प्रवर्द्धन कार्यक्रम | ३०८००० | ३०८००० | | १०० जना कृषक |
| ६ | व्यवसायिक फलफूल दलहन मौरी च्याउ तेलहन बालि प्रवर्द्धन कार्यक्रम | २६७००० | २६७००० | | १०० जना कृषक |
| ७ | डाले घाँस भूइ घासऔका विरुवा वितरण कार्यक्रम | ६०००० | ६०००० | | ११७ कृषक |
| | जम्मा | | १३०८००० | | |

### ३१ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

### ३२ रकमान्तरः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत तथा चालु शीर्षकका ५२ वटा योजना तथा कार्यक्रममा विनियोजन भएको रु.२४३९२२५०। वजेट घट गरी कुल ७७ वटा योजना तथा कार्यक्रममा वजेट थप रकमान्तर गरेको छ। उक्त रकम शुरु वजेट रु.५७१२४३९२६। को तुलनामा ४.२७ प्रतिशत हुन आउँछ। यसरी कार्यपालिकाको पटक पटकको निर्णयवाट रकमान्तर हुने तथा आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

### ३३ आयोजना बैंकः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। योजना बनाउदा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा पालिकाले हालसम्म आयोजना बैंक बनाई कार्यान्वियनमा ल्याएको पाइएन। पालिकाले आयोजना बैंक नवनाई यो बर्ष १५७ योजनामा रु.१२ करोड २९ लाख बजेट बाँडफाँट गरेको छ। पालिकाले स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वियन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ।

### ३४ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका

आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल १५३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र सं | कार्यक्रमको नाम | योजना संख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५-२० लाख सम्मका योजना संख्या | रु.५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरिय | ३९ | ६ | १४ | १९ |
| २ | वाडा स्तरिय | १२४ | ० | ४ | १२० |
| | जम्मा | १६३ | ६ | १८ | १३९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १३४ योजनामात्र कार्यान्वयन भई २९ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

## ३५ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रशाकीय अधिकृत सहित ७५ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत स्तरसहित ८ पदहरु रिक्त रहेका छन् ।

| सि.नं. | पद | दरबन्दी | | | कार्यक्रम तर्फ | | | | पदपूर्ति (दरवन्दी तर्फ) | | | पदपूर्ति कार्यक्रम तर्फ | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | करार | गापा | प्रदेश | संघ | जम्मा | स्थायी | अस्थायी | करार | गापा | प्रदेश | संघ | जम्मा | |
| १ | प्र.प्र. अधिकृत | १ | - | - | - | - | १ | १ | १ | - | - | | - | १ | १ | |
| २ | अधिकृत सातौं | ५ | - | - | - | - | - | ५ | ५ | - | - | - | - | - | ५ | |
| ३ | अधिकृत छैठौं | २ | - | - | - | - | - | २ | २ | - | - | - | - | | २ | |
| ४ | सहायक पाँचौं | १२ | - | - | ३ | - | १ | ४ | १२ | - | - | - | - | ० | १६ | |
| ५ | सहायक चौथो | १० | - | - | ३९ | - | २ | ४१ | १० | - | - | ४ | - | ० | ५१ | |
| जम्मा | | ३० | | | ४२ | | ४ | ५३ | ३० | | | ४ | | १ | ७५ | |

स्थानीय तहको लागि प्राविधिक कर्मचारी पदपूर्ति अवस्था २०८२ असार

| सि.नं. | पद | आइटी कम्प्यूटर | स्वास्थ्य | कृषी | पशु | शिक्षा | इन्जिनियर | नापी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत आठौं | - | ० | - | - | - | - | ० | ० |
| २ | अधिकृत सातौं | १ | ० | १ | १ | १ | १ | ० | ५ |
| ३ | अधिकृत छैठौं | ० | ९ | ० | ० | ० | ० | ० | ९ |
| ४ | सहायक पाँचौ | - | २५ | १ | ३ | १ | २ | ० | ३२ |
| 5 | सहायक चौथो | - | ६ | ३ | ७ | ० | ९ | ० | ३६ |
| जम्मा | | १ | ४० | ५ | ११ | २ | १२ | ० | ७२ |

३६ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक ४८ जना कर्मचारीलाई रु.१३९१५२००।। भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन।

३७ **तलवी प्रतिवेदन**

कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा ४३(२) मा प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४३ कर्मचारीको रु. ३१७७१८९०।, र पालिकाका ३० कर्मचारीको रु.१९१८४९९८। समेत रु.५०९५६८८८। तलव तथा ग्रेड खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३८ **प्रशासनिक खर्चमा मितव्ययिता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(४) मितव्ययिता कायम गर्नेगरी खर्च गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कार्यालयबाट देहायको खर्च शिर्षकमा बजेट व्यवस्था भएकोमा देहाय बमोजिम गतवर्ष र यो वर्षको खर्च लेखेको छ।

| सि.न. | खर्च शिर्षक | बजेट | खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | इन्धन | २७००००० | २७००००० | |
| २ | मर्मत | ४०००००० | ४०००००० | |
| ३ | विविध | १९००००० | १९००००० | |
| ४ | कार्यालय समान | २७००००० | २७००००० | |
| ५ | दैनिक भ्रमण भत्ता | १५००००० | १५००००० | |
| ६ | घर भाडा | ८००००० | ८००००० | |
| | मेसिनरी तथा गाडी भाडा | ८००००० | ८००००० | |
| | पत्र पत्रीका सुचना प्रकाशन | १५००००० | १४९६१९१ | |
| | जम्मा | १५९००००० | १५८९६१९१ | |

माथिको तालिका बमोजिम स्थानीय तहको सञ्चालन खर्च घटाउने योजना सहितामा नीति तथा कार्यक्रम देखि सञ्चालन खर्च वढ्दो वा घट्दो स्थीति छ।

३९ **लेखा श्रेस्ता**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा ऐनको दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्नेछ तथा उपनियम २ बमोजिम भुक्तानी वा पेश्की फस्र्यौटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजात खर्च गर्ने व्यक्तिले तयार गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेछ। त्यसरी पेश हुन आएको बिल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले रकम भुक्तानी दिनु वा फस्र्यौट गर्नु अघि प्रमाणित गर्नु पर्ने व्यवस्था छ।पालिकाले पेश्की दिदाँ तथा फस्र्यौट गर्दा आवश्यक कागजात संलग्न नगरी भुक्तानी तथा पेश्की दिएको छ। गोश्वरा भौचर तयार गर्दा सम्बन्धि कागजात गोश्वरा भौचरसंग सिलसिलेबार रुपमा राखेको देखिदैन जुन लेखाको सिद्धान्त प्रतिकुल देखिन्छ। खर्चको तेरिज नबनाई अव्यवस्थित रुपमा कागजात राखेको हुँदा त्यसमा लाग्ने कर लगाएतका जोडजम्मा एकिन गर्न कठिनाई उत्पन्न हुने गरी अभिलेख राखेको छ। तोकिएको ढाचाँमा अभिलेख नराख्ने कर्मचारीलाई जिम्मेवार बनाई अभिलेख प्रणालीलाई व्यवस्थित बनाउनुपर्दछ।

४० **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

४१ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको नर्म्स तथा स्पेशिफिकेशन अनुसार तथा फ्रिक्वेन्सीमा गुणस्तर परीक्षण गरेको पाइएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

४२ **त्रुटि सच्याउने अवधिको अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख तयार गरेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा एकिन गर्न सकिएन। अतः नियमावलीमा भएको व्यवस्था वमोजिम त्रुटि सच्याउने अवधिका ठेक्काहरुको अभिलेख तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गराउने, त्रुटि भएका ठेक्काहरुको त्रुटि सच्याउने लगायतका कार्यहरु गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

४३ **प्रगति स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा प्रमुख प्रशासकीय अधिकृतले प्रतिवेदन तयार गरी कार्यपालिको वैठकमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला्इ जिम्मेवार बनाउनु पर्दछ।

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति कार्यक्रम | २५%सम्म प्रगति भएको कार्यक्रम | ५०% सम्म प्रगति भएको कार्यक्रम | ७५% सम्म प्रगति भएको कार्यक्रम |
| **कार्यक्रम संख्या** | ५४४ | ९४ | ४ | ८ | २० |

४४ **राजस्व असुली**

पालिकाको आर्थिक ऐन, २०८१ मा सवारी साधन कर, व्यवसायकर, मनोरन्जन कर, विज्ञापन कर, पार्किङ शुल्क, प्राकृतिक स्रोत शुल्क प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन शुल्क लगायतका कर तथा शुल्क असुल गरिने उल्लेख भएकोमा कुनै शिर्षकमा कर तथा शुल्क असुल भएको देखिएन भने कुनै शिर्षकमा न्यून मात्र असुल भएको देखियो। पालिकाले आर्थिक ऐनमा उल्लेख भए बमोजिमका कर तथा शुल्क असुल गरी आन्तरिक राजस्व बृद्धी गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४५ **राजस्व आम्दानीको लेखा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजस्व आम्दानी गर्ने प्रत्येक सार्वजनिक निकायले करदातावाट बैंकमा जम्मा हुन आएको बैंक भौचर र नगद प्राप्त भएको आम्दानी रकमको विवरण छुट्टा छट्टै खातामा प्रविष्टी गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा लेखा राख्नु पर्ने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ५९ मा कार्यालयले नियम ५८ बमोजिम राजस्वको आम्दानी जनाउदा जुनसूकै माध्यमवाट प्राप्त भएतापनी त्यस्तो राजस्व आम्दानी र दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अद्यावधिक गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालय र पालिकावाट नगद र वैंक मार्फत राजस्व प्राप्त गर्ने गरेकोमा ऐन नियममा भएको व्यवस्था बमोजिम सेवाग्राहिले बैक दाखिला गरेको रकमको बैंक भौचर र सेवाग्राहिबाट नगद प्राप्त गरेको रकम बैंक दाखिला गरेको बैंक भौचर गोश्वरा भौचरसाथ संलग्न गरी राख्नु पर्नेमा गोश्वरा भौचर तयारी गरी गोश्वरा भौचर साथ सवै दाखिला भौचर संलग्न गरी राखेको देखिएन। जसबाट पालिकाले प्राप्त गरेको सम्पुर्ण राजस्व रकम दाखिला भए नभएको, प्राप्त हुनुपर्ने राजस्व प्राप्त भए नभएको र पालिकाले आम्दानी देखाएको राजस्व रकम के वापत कसले बुझाएको हो भनेर एकिन गर्न सकिने अवस्था देखिएन। अत पालिकाले जुनसूकै माध्यमवाट प्राप्त भएको राजस्व आम्दानी र दाखिलाको गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्वको लेखा अद्यावधिक गर्नुपर्दछ।

४६ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | १००००० | १७६५ | १.७६ |
| भूमिकर र मालपोत | १२३०००० | १२९८५३३ | १०५.५७ |
| वहाल कर | १५०००० | २२२१५० | १४८.१ |
| अन्य कर | २४०००००० | ५५४२१७ | २३.०९ |
| अन्य प्रशासनिक सेवा शुल्क | १००००० | २००० | २ |
| अन्य सेवा सुल्क | ५०००० | २०४८०० | ४०९.६ |
| सिफारिस दस्तुर | १०००००० | १०३६३०० | १०३.६३ |
| व्यवराय रजिष्ट्रेशन शुल्क | २००००० | ८१७२६ | ४०.८६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक

गरी करको दायारामा ल्याउनु पर्दछ।

४७ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४६४६२३३०४ | ८२३७०९७ | ०.१७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.१७ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४८ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१८१००। कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन।प्रदेशबाट प्राप्त व्यवसाय दर्ताको फाइल ३२७ रहेकोमा हाल सम्म ६० वटा व्यवसाय दर्ता भएको पाइयो। सो मध्ये ८० वटा व्यवसाय नविकरण, २० वटा खारेजी, २ वटा नामसारी, १ ठाउँसारी गरेको पाइयो। पालिकाभित्र रहेका सम्पुर्ण व्यवसाय लाई अभिलेखी करण तथा नविकरण गरी राजश्व वढाउने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

४९ **राजश्व वाँडफाँड**

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.४०२०००

| **आय शीर्षक** | **संकलित रकम** | **प्रदेशलाई पठाउनु पर्ने प्रतिशत** | **पठाएको रकम** | **पठाउन बाँकी रकम** |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | १७७८७६१.०६ | ४० | ० | ७११०४.०३ |

५० **ढुंगा गिट्टीको आम्दानी**

**राजस्व बाँडफाँड** – कर्णाली प्रदेश सरकार आर्थिक ऐन, २०८१ बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.

| **आय शीर्षक** | **संकलित रकम** | **प्रदेशलाई पठाउनु पर्ने रकम** | **पालिकाको आन्तरिक राजस्व रकम** | **मूल्य अभिवृद्धि कर रकम** |
|---|---|---|---|---|
| ढुङ्गा गिट्टि विक्रीबाट आम्दानी | २०१०००० | ७११५०४ | १०६७२५७ | २३१२३९ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२३१,२३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,११,५०४ |

५१ **वडा समिति वैठक भत्ता भुक्तानी**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम वडा समितकिको बैठक भत्ता सम्बन्धी व्यवस्था गरेको छ। नमुना परीक्षकणका क्रममा पालिकाले देहायबमोजिम समितिसँग असम्बन्धित कर्मचारीहरुलाई समेत वैठक भत्ता भुक्तानी गरेको छ। यसरी नियम विपरित भुक्तानी भएको वैठक भत्ता अशुल गर्नुपर्ने रु.

| भौ.नं. | नाम | पद | वडा नं. | भुक्तानी रकम |
|---|---|---|---|---|
| ८४/३०७ | डोल्मा कुमार सुनार | सहायक चौथो | ५ | १३७७० |
| १३६ | कमला कुमारी वस्नेत | कार्यालय सहायक | | १०२०० |
| १३६/४९६ | अनिता शर्मा | कृषि प्राविधिक | | ९९७० |
| १३६ | कमला कुमारी शाही | पुस्तकालय व्यवस्थापक | | ३८५० |
| ३३१/४९९ | तुलसी कुमारी खत्री | कार्यालय सहायक | २ | १६३२० |
| ४९९ | विपी सिँह | प्राविधिक | २ | ६१२० |
| जम्मा | | | | ६०२२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,२३० |

५२ **निजी सवारी मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुत्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले सिम्ता कार्य सञ्चालन निर्देशिका, २०७९ को परिच्छेद-५, बुँदा नं.८(९) मा निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई २० हजारमा नबढ्ने गरी मर्मत खर्च उपलब्ध गराउने व्यवस्था गरी रु.९५९६३३।० भुक्तानी गरेको छ। यसरी भुक्तानी दिएको रकम अनियमित भएको रु.९५९६३३।०

| | |
|---|---|
| अनियमित भएको | ९,५९,६३३ |

५३ **व्यवसायीक फर्मको नाममा भक्तानी नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(४) मा सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैक खातामा जम्मा हुनेगरी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न भौचरबाट विल भर्पाइसँग सम्वन्धित भुक्तानी आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्नेमा व्यक्तिको खातामा रु.२,७२,८७५।० भुक्तानी गरेको छ। कानुनमा व्यवस्था भए बमोजिम सम्बन्धितको खातामा भुक्तानी दिई यसमा सुधार गर्नुपर्दछ । पालिकाले निम्मानुसारका भुक्तानीमा फर्मको नाममा भुक्तानी नगरी व्यक्तीको नाममा भुक्तानी गरेको छ।

| भौ.नं. | विवरण | रकम | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने फर्मको नाम |
|---|---|---|---|---|
| १९७-२०८१।१०।०८ | विविध खर्च भुक्तानी | १४२५०० | विकास अधिकारी | गणेश नास्ता पसल |
| ५३६-२०८२।०३।२० | वडा नं.३ खरिद | ६६३०० | तेज बिक्रम सिँह- वडा सचिव | आयूष किराना तथा नास्ता पसल |

५४ **वहस पैरवी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। भौ ५९२-०८२।३।२२ बाट अधिवक्ता विवस कुमार वस्नेतलाइ १

मुद्दाको लिखित जवाफ, रिटमा वहस पैरवि गरेको भनी रु.९९०००। भुक्तानी दिएको छ। यसरी भुक्तानी दिनको लागी मुद्दाको लिखित, वहस पैरविको सेडुल संलग्न गर्नु पर्नेसाथै प्रत्यकको शुल्क उल्लेख गर्नु पर्नेमा सव नगरी एकमुष्ट ठूलो रकम संझौता गरी भुक्तानी गरेको पाइयो। अतः विस्तृत खर्चको विवरण संलग्न तथा बढी भुक्तानी भएको रकम यकिन गरी संवन्धित सँग असुलगर्नु पर्दछ।

## ५५ सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) मा सार्वजनिक नियकाले रु.१ लाख रुपैँया भन्दा बढीको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा ३ वटा आपूर्तीकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका कारोबारमा दरभाउपत्र माग नगरी सोझै खरिद गरी भुक्तानी दिएको छ। यसरी खरिद भएको नियमसँगत नभएको रु.

| गो.भौ.नं.।मिति | बिबरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ५००-२०८२।०३।१९ | सोझै खरिद | लुम्बिनी मिडिया एजेन्सी | ११२७१७ |
| ५५९-२०८२।०३।२१ | सोझै खरिद | मिसन टुडे राष्ट्रिय दैनिक | १७६२८० |
| | | जम्मा | २८८९९७ |

| | |
|---|---|
| अनियमित भएको | २,८८,९९७ |

## ५६ गा पा स्वास्थ्य

स्वास्थ्यका कार्यक्रम संचालनका लागि संघिय सरकारबाट प्राप्त वजेट तथा कार्यक्रममा खोप ढुवानी, मासिक तथा वार्षिक समिक्षा वैठक, आधारभूत तथा आकस्मीक स्वास्थ्य सेवाकोलागी औषधि खरिद तथा ढुवानी, गाउँघर क्लिनिक तथा खोप कार्यक्रम संचालन लगायतका कार्यक्रमहरु पालिकाबाट समेत सोहि शिर्षकमा राखी सञ्चालन गरेको पाइयो। यसरी एउटै कार्यम्रम संघिय तथा स्थानिय पालिकाबाट संचालन गर्दा दोहोरोपना हुनजाने हुँदा पालिकाबाट कार्यक्रम संचालन गर्दा संघिय कार्यक्रम सँग नदोहोरिने गरी संचालन गरिनु पर्दछ।

## ५७ कार्यस्थल सुरक्षा सामाग्री

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।गो.भौ.नं २२१/२०८२-०३-२२ मा कार्यस्थल सुरक्षा सामाग्री अन्तर्गत न्यु कोइराला वर्दश इन्टरप्राइजेज लाई रु. २९८०३७ भुक्तानी गरेकोमा रोजगारी सञ्चालनका सामाग्रीहरु स्टोरमा दाखिला गरेको तर श्रमिकलाई वितरण गरेका भरपाई,हस्ताणतरण गरेको छैन। पालिकाले उक्त सामाग्रीहरुको श्रमिकहरुलाई वितरण गरेको भरपाई पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९८,०३७ |

## ५८ औषधि खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघिय बजेट बाट रु.९९५५९५।, पालिकामा रु.४० लाख वजेटको व्यवस्था गरेकोमा सिविर संचालन समेत गरी बाट रु.५७५८६५५। गरेकोमा रु.१४४१७१२। ठेक्काबाट र रु.४३१६९४३ सोझै पटक पटक गरी रु.६७५४२५०।खर्च गरेको छ। औषधि खरिदमा रु.४० लाख पालिकाको वजेट भएकोमा सो सम्पुर्ण रकमको लागत अनुमान तयार नगरी रु.२९ लाखको मात्र लागत अनुमान तयार गरेको पाइयो। यसरी सानो रकम ठेक्का प्रकृयाबाट र अन्य रकम सोझै खरिद गर्ने प्रकृया वन्द्ध गरी ठेक्का प्रकृयाबाट खरिद गर्ने तर्फ ध्यान दिनु पर्दाछ। आपूर्ति हुने औषधी तथा

औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

**पालिकाबाट यस वर्ष खरिद गरिएका निम्नानुसारका औषधिहरु मुल्य फरक भएको पाइयो।**

| क्र सं | औषधिको नाम | लागन अनुमान | बजार मुल्य | ठेक्का मुल्य | सोझै खरिद मुल्य |
|---|---|---|---|---|---|
| 1 | Amoxcillin 500mg | 8 | 8 | 7 | 7.95 |
| 2 | Fursemide | 1 | 1 | 0.1 | 1 |
| 3 | Ciprofloxacine 500mg | 8 | 8 | 7 | 7.97 |
| 4 | Ranitidine 150mg | 2 | 3 | 2.5 | 2 |
| 5 | Salbutamole | 2 | 2 | 1.5 | 2 |
| 6 | Silversulfadize 15gm | 74.67 | 75 | 75 | 75 |
| 7 | Azithromicine 500gm | 30 | 30 | 29 | 30 |
| 8 | Antacid 500mg | 5 | 5 | 2 | 4 |

५९ **न्यानो झोला कार्यक्रम**

सार्वजनिक खरीद नियमावली , २०६४ को नियम ११ तोकीयको स्फेसिफिकेसन अनुसार खरीद गरी गुणात्मक परीक्षण गर्नुपर्ने व्यवस्था छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ९ बर्थिङ सेन्टरमा गत वर्ष ८० थान मौज्दात रहेकोमा यस वर्ष ५५७ थान खरिद गरेकोमा यस वर्ष २४३ प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ३९४ थान न्यानो झोला मौज्दातमा रहेका छन्। अतः आगामी दिनमा न्यानो झोलाको खरिद गर्दा गत वर्षको मौज्दातलाई समेत ध्यान दिइ खरिद गरिनु पर्दछ।

६० **व्यक्तीको नाममा भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(४) मा सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैक खातामा जम्मा हुनेगरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न भौचरबाट विल भर्पाइसँग सम्वन्धित भुक्तानी आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्नेमा व्यक्तिको खातामा भुक्तानी गरेको छ। कानुनमा व्यवस्था भए बमोजिम सम्बन्धितको खातामा भुक्तानी दिई यसमा सुधार गर्नुपर्दछ । पालिकाले निम्नानुसारका भुक्तानीमा फर्मको नाममा भुक्तानी नगरी व्यक्तिको नाममा भुक्तानी गरेको छ ।सो रकम सम्बन्धित संस्थामा भुक्तानी गरेको प्रमाण पेश गर्नु पर्ने रु.

| गो.भौ.नं | भुक्तानी हुनुपर्ने नाम | भुक्तानी भएको | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १६३/२०८२-०३-०६ | डाडांखालि स्वास्थ्य चौकी | डिल्ली साप्कोटा | ९८०० | आमा सुरक्षा कार्यक्रम |
| १७०/२०८२-०३-११ | स्वास्थ्य चौकि खानिखोला | सुवास ठाडा | २१३५४ | आमा सुरक्षा कार्यक्रम |
| | जम्मा | | ३११५४ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,१४५ |

६१ **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धी मापदण्ड तयार गरेको छैन ।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने र

विद्यालयहरुले सञ्चालन गरेको शैक्षिक कार्यकलापको वस्तुनिष्ठ अवस्थाको एकिन गर्न नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र विद्यालयको कार्यसम्पादनका आधारमा कार्यक्रम वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६२ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात पहाडी भेगमा १:४५ रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ। उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:६४ देखि न्युनतम १:४ सम्म रहेको देखिन्छ। IEMIS विवरण अनुसार पालिकाको वटा विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:२१ रहेको छ।

| क्र.स. | विद्यालयको नाम | दरवन्दी संख्या | पदपुर्ती | | | जम्मा विद्यार्थी संख्या | कुल जम्मा शिक्षक | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी | राहात | | | |
| १ | विभिन्न ४९ विद्यालयहरु | १७० | १५९ | ८१ | १३ | ६१६५ | २८९ | १:२१ |

पालिकाले विद्यार्थी विवरणको सत्यापन गरी आवश्यकता, भुगोल र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन एंव शिक्षक दरबन्दी मिलान तर्फ ध्यान दिनुपर्दछ।

६३ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.११.१ मा शैक्षिक सुचना व्यवस्थापनन प्रणाली (IEMIS) मा प्रविष्टी भएको प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि स्थानीय तहले विद्यालयको भौतिक रुपमा कक्षा चलेको दिन खाजा उपलब्ध गराएको विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको प्रमाणित सङ्ख्यात्मक विवरणको आधारमा स्थानीय तहले सङ्ख्या एकिन गरेपछि मात्र थप अनुदान दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष चार वटा किस्तामा विद्यालयहरुलाई रु.७१,३७,७३५। दिवा खाजा वापतको रकम निकासा गरेको छ। कार्यविधिमा उल्लेख भए बमोजिम विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापनबाट हाजिरी प्रमाणित गरी पेश नभएको साथै स्थानीयतहबाट आकस्मित शिर गणना र परीक्षा नतिजा तथा इमिसको तथ्यांकसँग सत्यापान गराई अनुगमन र निरीक्षण भएको छैन। त्यसैले के कति भुक्तानी हुनुपर्ने हो एकिन गर्न नसकीएकाले कार्यक्रम कार्यान्वियन कार्यविधि बमोजिम पालिकाले अनुगमन गरी प्रमाणित हाजिरी अभिलेखका आधारमा मात्र निकासा दिने तर्फ ध्यान दिनुपर्दछ।

६४ **पाठयपुस्तक खरिद**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.४.६.२ को वुँदा १ वमोजिम IEMIS मा प्रविष्ट भएको विद्यार्थिको तथ्यांकलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङकसँग सत्यापन गराइ सत्यापन विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कागतजात विषयगत पाठयपुस्तकको संङख्या एकिन र वुदाँ (५) मा विद्यालयमा पाठ्यपुस्तकको सङख्याको ७५ प्रतिशत सङ्ख्यालाईमात्र अनुदान दिने एंव शैक्षिक सत्रमा भएको नयाँ भर्नाको विवरण पाठयपुस्तक खरिद वितरणका आधारमा एकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले रु.३१,९३,५४६।० पाठ्यपुस्तक बापत विद्यालयहरुलाई निकासा गरेको छ। पाठ्यपुस्तक निकासा गर्दा EMIES र सोमा रजिष्टर्ड भइको प्रत्येक कक्षागत विद्यार्थीको कोड नम्वर सहितको विद्यार्थीको नामनामेसी विवरण सहित सत्यापन गराएको छैन। विद्यार्थीको विवरण सत्यापन गराएर मात्र पाठ्य पुस्तक वितरण गरिनु पर्दछ

६५ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ... जना रहेका छन। पालिकालेबाट ४९०३ थान स्यानिटरी प्याड रु.३३२३५५। (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

६६ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ र्खच २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी २ प्रतिशत कन्टिजेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च रु.१२१४९३४।० गरेकोमा प्राविधिक कर्मचारीको फिल्ड भत्ता रु.१२,००,०००।० र अन्य खर्च १४,९३४।० खर्च गरेको छ। कन्टिन्जेन्सी खर्च गर्दा नियमावलीले तोके बमोजिम खर्च गरिनु पर्दछ।

६७ **समानीकरण अनुदानको उपयोग**

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ।आयोगको मार्गदर्शन अनुकूल नहुने गरी पालिकाले नेपाल सरकार समानीकरण अनुदानवाट चालु प्रकृतिका कार्यमा रु.१,४७,६०,०००।० वजेट विनियोजन गरी रु. १,३३,३३,७४७।० खर्च गरेको देखिन्छ। यस्तो खर्च अधिकांश विभिन्न कार्यक्रम संचालनमा खर्च भएको देखिन्छ। पालिकाले प्राप्त गर्ने समानीकरण अनुदानको रकम पुँजी निर्माण हुने तथा दीर्घकालिन प्रकृतिका खर्चमा विनियोजन गरी खर्च गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ । नेपाल सरकार समानीकरण अनुदानवाट खर्च भुक्तानी गरेका केही कार्यक्रमको विवरण देहाय वमोजिम रहेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | विद्यालय कर्मचारी र वाल विकास सहजकर्ताको थप तलव | ११७७८००० | ११४५४५०० |
| २ | स्वयं सेवक शिक्षक | २७८२००० | १७७०५०२ |
| ३ | विषयगत समितिको बैठक भत्ता | २००००० | १०८७४५ |
| | जम्मा | १४७६०००० | १३३३३७४७ |

६८ **फिल्ड भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने र दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। पालिकाले देहाय अनुसार योजनाको रकमबाट कर्मचारीलाई फिल्ड भत्ता वापत भुक्तानी दिएको छ। एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार फिल्ड भत्ताको शीर्षक २११३३ खर्च शीर्षक रहेकोमा कानुनले गरेको व्यवस्था विपरित कन्टिन्जेन्सी रकमबाट कर्मचारीहरुलाई फिल्ड भत्ता भुक्तानी दिएको अनियमित देखिएको रु.

| गो.भौ.नं. | विवरण | भुक्तानी रकम |
|---|---|---|
| २००-२०८२।३।२४ | ५ कर्मचारीलाई फिल्ड भत्ता भुक्तानी | ३३६०००० |
| १९९-२०८२।३।२४ | १ कर्मचारीलाई फिल्ड भत्ता भुक्तानी | ८४००० |
| १३६-२०७८।३।२० | ८ कर्मचारीलाई फिल्ड भत्ता भुक्तानी | ६७२००० |
| १३६-२०७८।३।२० | १ कर्मचारीलाई फिल्ड भत्ता भुक्तानी | १०८००० |
| | जम्मा भुक्तानी | १२००००० |

| | |
|---|---|
| अनियमित भएको | १२,००,००० |

६९ **खरको छानो मुक्त कार्यक्रम**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को दफा ३ मा लक्षित वर्गको पहिचानको आधार र दफा ४ मा लाभग्राहीको छनौटको आधार तथा विधिको व्यवस्था गरिएको छ । पालिकाले उक्त यस वर्ष ४२ घरमा खरको छानो मुक्त कार्यक्रम सञ्चालन गरी प्रति घर रु. ४९,०००।० दरले २०,४२,०००।० भुक्तानी गरेको छ। पालिकाले कार्यक्रम संचालन गर्नका लागि कार्याविधिमा उल्लेख भए अनुसार लाभग्राही छनोट गरेको छैन। पालिकामा यस भन्दा अघि संघीय सरकार तथा प्रदेश सरकारबाट सञ्चालित सुरक्षित नागरिक आवास कार्यक्रमबाट निर्माण गरिएको घर तथा खरको छानो विस्थापित गरेको पालिकामा विवरण छैन । आगामी दिनमा यस प्रकारका कार्यक्रम संचालन गर्नका लागि पालिकाले विवरण अद्यावधिक गरेको छैन। पालिकाले विवरण अद्यावधिक गरी कार्यक्रम संचालन गरिनुपर्दछ।

७० **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०६ र ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

| क्र सं | योजनाको नाम | लागत अनुमान | निर्माण व्यवसायी | संझौता अंक | संझौता मिति | काम समाप्त गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| १ | Ward-7 Aadharbhut swasthya sewa kendra bhawan | ३८८५८२९ | gitansha nirman sewa, binapa4 ,surkhet | २९३१७७१ | २०८२।२।२३ | |
| २ | Addarbhut bidhalayea nahagauw4 kothea bhawan nirman | ९६३९०५६ | PPOT Nirman sewa, bheriganga10 , surkhet | ६९६३८२९ | २०८२।१२।२९ | २०८२।३।१५ |
| ३ | swasthyea chauki aagrigauw bhaban nirman | ९५१७३२६ | PPOT Nirman sewa, bheriganga10 , surkhet | ६६४७११९ | २०८१।१०।१० | २०८२।३।१५ |
| ४ | aabi panikhola bhaban nirman | ७९०१६०१ | gitansha nirman sewa, binapa4 ,surkhet | ४७८५३१८ | २०८१।८।९ | २०८२।३।१५ |
| ५ | Construction of shahid rishi smiriti ring road upgrading surkhet | ४०५२८५०४ | KB GURUNG-NAMASTE RABI-SABIN JV , BHAKTAPUR | २९८७३८०२ | २०८०।१०।२४ | २०८२।३।२० |
| | जम्मा | ७१४७२३१६ | | ५१२०१८३९ | | |

## ७१ **सिम्ता औद्योगिक ग्राम (ठेक्का नं ०३- २०७८।७९)**

७१.१ निर्माण स्थल- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६ को उपनियम ३ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई बोलपत्र आब्हान गर्न नहुने व्यवस्था छ । पालिकाले सिम्ता औद्योगिक ग्राम निर्माणको लागि मिति २०७९।२।२५ मा निर्माण व्यवसायी हरी निर्माण सेवासँग रु. ५९३९१५५.९८ मा मिति २०७९।१२।३० मा सम्झौता भएको देखिन्छ। पालिकाले तोकिएको फिल्डमा अवरोध भएको कारणले हालसम्म कार्य सुरु भएको छैन । पछिल्लो पटक २०८०।९।३० सम्म म्याद थप भएकोमा हाल म्याद समाप्त भएको छ। फिल्ड तयार नगरी ठेक्का व्यवस्थापन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

७१.२ पेश्की बाँकी - सार्वजनिक खरिदि नियमावली २०६४ को नियम ११३ मा पेक्की भुक्तानी गर्ने र फर्स्यौट गर्ने सम्बन्धी व्यवस्था छ। सिम्ता औद्योगिक ग्राम निर्माणको लागि निर्माण व्यवसायी हरी निर्माण सेवालाई मिति २०७९।२।२७ मा दिएको रु.५९३९१५।० पेश्की निर्माण कार्य सुरु नभई फर्स्यौट भएको छैन। निर्माण कार्यको म्याद थपसमेत नभएको र पेश्की जमानतको समेत म्याद समाप्त भएको अवस्थामा पेश्की जोखिममा परेको छ। उक्त पेश्की असुल फर्स्यौट गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९३,९१५ |

## ७२ **सव कन्ट्यक्टरबाट कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने, कुनै निर्माण व्यवसायिक तथा सवकन्ट्र्याक्टरबाट गराउन नसकिने, त्यस्तै नियम १३(क)मा उपभोक्ता समितिले आफूले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता गद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने उल्लेख छ। पालिकाले सडक निर्माण कार्य उपभोक्ता समितिसँग सम्झौता गरी भुक्तानी गरेको छ। तर उपभोक्ता समितिले निर्माण व्यवसायीको विल विजक पेश गरेको देखियो । उपभोक्ता समितिलाई दिएको कार्य निर्माण व्यवसायीबाट गराएको नियमसम्मत देखिएन। यसमा पालिकाले सुधार गर्नुपर्दछ। निर्माण व्यवसायीबाट गराएको उदाहरण देहाय बमोजिम रहेका छन्

| गोश्वारा भौचर नं. | योजनाको नाम | भुक्तानी रकम | निर्माण व्यवसायी | निर्माण व्यवसायीले पेश गरेको विल रकम |
|---|---|---|---|---|
| १४२-२०८२।३।२१ | पिपलमुडा भोठमुड्ग्रा सडक निर्माण | १७१२०५ | यासोदा निर्माण सेवा | २०१०८५ |
| १५४-२०८२।३।२२ | आग्रा चौर देखि तामाघारी सडक कृषि सडक | ४८१६७५ | गितान्सा निर्माण सेवा | ५५८२५४ |
| १८५-२०८२।३।२३ | रिठाबोट माझगाउँ सडक | ५३३५०० | गितान्स निर्माण सेवा | ६१७२३४ |
| २२२-२०८२।३।२५ | साना पोखरी खेल मैदान निर्माण | ३७३९७१ | गितान्स निर्माण सेवा | ४५११६३ |

## ७३ **भेरिएसन**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन गर्न सक्ने व्यवस्था छ । पालिकाले वडा नं. ९ कार्यालय भवन निर्माण कार्यमा Hard Rock को परिमाण वढाउनु परेको भेरिएसन स्वीकृत गरेको कार्यालयको भनाई उल्लेख छ। पालिकाले लागत अनुमान तयार गर्दा पुर्वानुमान गर्न नसकिने कार्यमा मात्र भेरिएसन गर्नुपर्नेमा पुर्वानुमान गर्न सकिने विभिन्न कामको

परिमाणमा थप घट भएको जनाइ भेरिएसन स्वीकृत गरेको देखिएकोले लागत अनुमान तयार गर्दा पर्याप्त ध्यान दिएको भन्न सक्ने अवस्था देखिएन । अत: कार्यालयले लागत अनुमान तयार गर्दा पुर्वानुमान गर्न नसकिएको कामको वाहेक अन्य कार्यको लागि भेरिएसन गर्नु नपर्ने गरी लागत अनुमान तयार गर्नुपर्ने र भेरिएसन गर्दा सुरु लागत अनुमानको तुलनमा सम्झौता रकमको अनुपात नघट्ने गरी भेरिएसन स्वीकृत गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|
| सुरु लागत अनुमान | ३६२१६७० | सम्झौता रकम लागत अनुमानको तुलनामा १३.८५ प्रतिशत घटी रहेको । |
| सुरु सम्झौता रकम | ३१२०००६ | |
| संशोधित लागत अनुमान | ४६२३११४ | भेरिएसन पछिको सम्झौता रकम लागत अनुमानको तुलनामा २३.०६ प्रतिशत घटी रहेको । |
| संशोधित सम्झौता रकम | ३५५७००९ | |

७४ **घटी लागत साझेदारी**

कर्णाली प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधी, २०७५ को दफा नं ५ मा प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, आवश्यकता, प्राथमिकता, सम्भाव्य उपलव्धी, दिगोपना लगायतका आधारमा कुल लागतको पचास प्रतिशतसम्म प्रदेश सरकाले र बाँकी सम्बन्धित स्थानीय तहले श्रोत जुटाउनुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष बागेश्वरी मावि, राकम भवन निर्माण कार्यका लागि यस वर्ष प्रदेश सरकार र स्थानीय तहको स्रोतबाट क्रमशः रु.२९,५८,७८८/- र रु.१३,६७,८२०/- समेत जम्मा रु.४३,२६,६०८/- भुक्तानी भएको छ। प्रदेश सरकार समपुरक अनुदान सम्वन्धी कार्यविधी बमोजिम प्रदेश सरकारको ५० प्रतिशत अर्थात रु.२१,६३,३०४।० भुक्तानी हुन पर्नेमा रु.७,९५,४८४।० बढी रकम साझेदारी भएको छ। अत: कार्यविधि बमोजिम पालिकाले लागत साझेदारीको रकम प्रदेश सरकार तर्फ बढी खर्च लेखेको रु.७,९५,४८४।० प्रदेश संञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९५,४८४ |

७५ **बढी दरमा भुक्तानी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१७,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७६ **बीमा बढी भुक्तानी**

आर्थिक कार्यविधित तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७(१०) मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले बागेश्वरी मावि भवन निर्माण कार्यमा निर्माण व्यवसायी शिवशक्ति प्रिजम निर्माण सेवाले पेश गरेको विमाको विल रु२०९७० भएकोमा पालिकाले रु.२२५१६।० भुक्तानी गरेकोले बढी भुक्तानी रु.१५४६।० असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५४६ |

७७ **उपभोक्ता समितिको घटी अंश**

सार्वजनिक खरदि नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ताको योगदान तथा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले वडा नं ४ कार्यालय र स्वास्थ्य चौकी तारबार तथा फिल्ड निर्माण कार्यमा देहाय अनुसार उपभोक्ताको अंश लागत अनुमान तथा सम्झौता रकम भन्दा रु.३५,०१०।० घटी कट्टा गरी भुक्तानी दिएकोले उक्त रकम सम्बन्धित उपभोक्ता समितिको पदाधिकारीबाट असुल गरी दाखिला हुनुपर्ने रु.

| लागत अनुमान | पालिकाले को अंश | उपभोक्ताको योगदान | उपभोक्ताको अंश प्रतिशत | निर्माण कार्य भएको | उपभोक्ताको योगदान हुनुपर्ने | उपभोक्ताको योगदान कट्टी भएको | घटी योगदान |
|---|---|---|---|---|---|---|---|
| २७९९२१० | २३७५००० | ४२४२१० | १५.१६ | २७४२१७९ | ४१५७१४ | ३८०७०४ | ३५०१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,०१० |

७८ **उपभोक्ता समितिमार्फत जटिल कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट कार्य गराउन वा सेवा लिन सक्ने व्यवस्था भएको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मतसम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका योजनाहरु उपभोक्ता समितिबाट कार्य गराई रु. ५६९०२४३।० भुक्तानी दिएको छ। कानुनमा व्यवस्था भए भन्दा फरक उपभोक्ता समितिलाई हस्तान्तर गर्न नसकिने भवन निर्माण कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | राकम स्वास्थ्य चौकी अधुरो भवन | १८७३७७८ |
| २ | प्रहरी चौकी आली भवन निर्माण | १४५५००० |
| ३ | वडा नं ४ कार्यालय र स्वास्थ्य चौकी तारबार तथा फिल्ड निर्माण | २३६१४६५ |
| | जम्मा | ५६९०२४३ |

| | |
|---|---|
| अनियमित भएको | ५६,९०,२४३ |

७९ **भवन निर्माण कार्य**

७९.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम २२ मा निर्माण कार्य गराउन सम्झौता गर्न सक्ने र सम्झौता बमोजिम कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा कार्यालय वडा नं. १ भवन निर्माण कार्यको लागि प्रस्तुति निर्माण सेवासँग मिति २०८०।१०।०४। मा रु७३,९७,५५५।६८ मा मिति २०८१।३।१५ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा रु.२२,९६,३६६।० को मूल्यांकन गरी गत वर्ष सम्म रु.११,४८,१२३।० र यस वर्ष रु.८,४०,०००।० समेत रु.१९,८८,१२३।० को वित्तीय प्रगति गरेको देखिन्छ। पालिकाले मिति २०८१।३।१५ देखि २०८२।३।१५ सम्म सम्झौताको म्याद थप गर्दा समेत निर्माण व्यवसायीले सन्तोषजनक रुपमा काम नगरेकोले कालोसूचीमा राख्ने मिति २०८२।५।५ को निर्णयले मिति २०८२।८।१२ मा पत्राचार गरी रु. रु९,१२,२४०।० कार्यसम्पादन जमानत जफत गरी आन्तरिक राजस्वमा दाखिला गरेको छ।

७९.२ निर्माण व्यवसायीलाई रनिङ विल रकमको भुक्तानी दिदाँ अग्रीम कर,मूल्य वृद्धि कर कट्टी र रिटेन्सन मनी कट्टा गरी सम्बन्धित खातामा दाखिला गरिदिनु पर्दछ। पालिकाले वडा कार्यालय नं.१ को भवन निर्माण कार्यको लागि प्रस्तुति निर्माण सेवालाई दोस्रो रनिङ विलको रु.८,४०,०००।० भुक्तानी दिँदा देहाय बमोजिम रकम कट्टी नभएकोले कट्टा भएको प्रमाण गर्नुपर्ने रु.

| विवरण | रकम | कैफियत |
|---|---|---|
| आग्रिक कर | १२६८५ | असुल गरी दाखिला गर्नुपर्ने |
| मूल्य अभिवृद्धि कर | ३२९८२ | कर समायोजन प्रमाण पेश गर्नुपर्ने |
| धरौटी कट्टी नभएको | ४२२८५ | प्रमाण पेश गर्नेपर्ने |
| जम्मा | ८७९५२ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८७,९५२ |

८० **विषादी खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोबार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानी नोक्सानी वा लापरबाही हुन नपाउने गरी उचित प्रवन्ध मिलाउनु पर्ने व्यवस्था छ। कार्यालयले रु. ४०००००।० को विषादी खरिद गरी कृषकहरुलाई वितरण गरेको देखियो । खरिद गरेको विषादीले मानव स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभावको विषयमा परीक्षण गरेको देखिएन। साथै विषादी प्राप्त गर्ने कृषकहरुलाई प्रयोग गर्ने विधि सम्बन्धमा प्रशिक्षण दिएकोसमेत देखिएन । विषादी रहित कृषि उत्पादनमा जोड दिइ मानव स्वास्थ्यलाई असर गर्ने विषादी खरिद भएको खर्चको सम्बन्धमा खरिद गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

| गोश्वार भौचर नं. | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ६-२०८२।९२२ | ढुसी नाषक विसादी खरिद | १५०००० |
| ४-२०८२।८।२४ | ढुसी नाषक विसादी खरिद | २५०००० |
| | जम्मा | ४००००० |

८१ **रितपूर्बकको कर बिजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.५२९९४५। समेत रु.४७७८१२७। सामान तथा निर्माण सेवा खरिद गरेको छ। तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गोभौनं./ मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १-०८२।३।२४ | श्री गितान्सा निर्माण सेवा | ६००१६२६७४ | २१ | २६९७६६५ | ३१०३५० | विजक नः२१ हातले लेखेको |
| ३-०८१।६।२२ | **केवी गुरुङ नमस्ते रवि सविन जे भि** | ६२०८७०६०७ | १ | २०८०४६२ | २१९५९५ | गत आ ब मा काटेको कर विजक बाट भुक्तानी |
| जम्मा रकम | | | | ४७७८१२७ | ५२९९४५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२९,९४५ |

८२ **स्वास्थ्य चौकि भवन निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम २२ अनुसार निर्माण कार्यको सम्झौता गरी सम्झौता बमोजिम तोकिएको समयमा कार्यसम्पन्न गर्नुपर्दछ। पालिकाले संघीय सशर्त अनुदान पुँजिगत वजेटबाट लागत अनुमान रु.९२२२१५८.२७ भएको अग्रीगाउँ स्वास्थ्य चौकि भवन निर्माण कार्य रु.६६,४७,११९।० मिति २०८२।३।१५ मा सम्पन्न गर्ने गरी मिति २०८१।१०।१७ मा न्यून कबोल गर्ने पि पि ओटी निर्माण सेवा सँग संझौता भएको थियो। यस वर्ष निर्माण कार्यको रु.३३,९७,६५०।० मूल्यांकन गरी भुक्तानी दिएको छ। निर्माण कार्यको लेखापरीक्षण अवधि सम्म म्याद थप नभएको साथै कार्य स्विकार बनाएको छैन। मिति २०८२।५।५ को कार्यपालिकाको बैठकबाट प्रमुख प्रशासकिय अधिकृत नभएकाले पेश्की निर्माण व्यवसायीलाई दिन नसकिएको, ५१.१४% काम सम्पन्न भएको, संघीय

बजेट फिर्ता भएको साथै पालिकाको बजेट व्यवस्था नभएकाले अवधि थप समेत नभइ आपसी समझदारिमा ठेक्का भंग गरिएको निर्णय गरेको पाइयो। तर आर्थिक वर्ष २०८२।८३ मा संघीय वजेट अन्तर्गत रु.१ करोड व्यवस्था भएको पालिकाको भनाइ रहेको छ। बजेट व्यवस्थान हुँदा समेत निर्माण व्यवसायीलाई उन्मुक्ति दिने मनसायले कार्यसम्पादन जमानत रकम समेत जफत नगरी निर्माण कार्यको सम्झौताको अन्त्य गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३३,९७,६५० |

८३ **ऋषि स्मृती चक्रपथ**

लागत अनुमान रु.४०५२८५०४। भएको सडक निर्माण कार्य रु.२९६७३८०२।मिति २०८२।४।२२ मा सम्पन्न गर्ने गरी केवी गुरुङ नमस्ते रवि सविन जेभि सँग मिति २०८०।१०।२४ मा संझौता भएको थियो। योजनाको अवधि १८ महिना भएकोमा निर्माण व्यवासयीले योजनाको विमा गराउँदा मिति २०२४।४।२४-२०२५।७।४ सम्म १५ महिनाको मात्र गराएको पाइयो। सार्वजनिक खरिद नियमावलीको नियम ११२ घ मा निर्माण व्यवसायीलाइ निर्माणस्थल सुम्पिएको मिति देखी हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माणम कार्यको विमा गराउनु पर्ने व्यवस्था भएकोमा कम अवधिको विमा गराएको पाइयो।

योजनाको विड डकुमेन्टको जि सि सि को बुँदा ५७.१ मा ५% र ५% गरी १०% पेश्की दिने व्यवस्था बमोजिम संझौता रकम रु.२९६७३८०२। को १० प्रतिशत रु.२९६७३८।पेश्की दिनु पर्नेमा आ व २०८०।८१ मा रु.३७०००००। पेश्की दिइको पाइयो। संझौता भन्दा रु.७३२६२०। बढी पेश्की दिएको पाइयो। अतः पालिकाले पेश्की दिदा संझौताको पालना गर्नु पर्दछ।

८४ **परामर्स तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| कर्मचारी आवाश भवन निर्माण डि पि आर | प्लान एण्ड इम्प्लिमेन्ट इन्जिनियरिङ्ग प्रा लि | ५००००० | ४९६३२८ | **७९०९७२१४** |
| आली साहुखोला गोजि रिङ रोड डि पि आर | **C Y C** इन्जिनीयरीङ एण्ड रिसर्च प्रा लि | ५००००० | ४४९२२४ | **२०३९०३९९** |
| जम्मा: | | १०००००० | ९४५५५२ | **९९४८७६१३** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

८५ **विद्यालय भवन निर्माण**

८५.१ लागत अनुमान रु.६७०८१३०। भएको ने रा मा वि साहुखोला ४ कोठे भवन निर्माण कार्य रु.४४०४२३६।० मा मिति २०८२।३।१५ सम्म सम्पन्न गर्ने गरी साइरा-सफल जे भी सँग मिति २०८१।८।७ मा संझौता भएको थियो।नविल बैको पेश्की जमानत रु.७६९०००। मिति ७ जुन २०२५ अवधिको राखी भौ २-२०८१।९।२२ मा निर्माण व्यवसायीलाई रु.७६९०००। पेश्की दिएकोमा हाल सम्म काम

शुरु नभएको साथै पेश्की जमानतको अवधि समेत सकिएको अवस्था छ। वन कार्यालयमा परेको उजुरीको आधारमा वन कार्यालयको च नं.१२७६ मिति २०८१।१०।१३ को पत्र अनुसार पालिकालाइ निर्माण कार्य नगराउने जानकारी गराएको पाइयो। निर्माण व्यवसायीले मिति २०८२।७।२१ मा कामको नापचाँज गराइ ठेक्का अन्त्यको लागि निवेदन दिएको पाइयो।यसरी निर्माण कार्यस्थलको पहिचान वेगर ठेक्का लगाउदा काम हुन नसक्ने अवस्था सृजना भएको पाइयो। अतः वजेट व्यवस्था पूर्व निर्माण स्थलको पहिचान हुनुपर्ने देखिन्छ।

८५.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले विद्यालय भवन निर्माण कार्यको लागि रु.७,६९,०००।पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म निर्माण कार्य नभई पेश्की जोखिममा परेकोले असुल फर्स्यौट गर्नुपर्ने रु.

| क सं | भौ मिति | योजनाको नाम | निर्माण व्यवसायी | पेश्की रकम |
|---|---|---|---|---|
| १ | ३-०८१।९।२२ | ने रा मा वि साहुखोला ४ कोठे भवन निर्माण | साइरा-सफल जे भि | ७६९००० |

| पेश्की | ७,६९,००० |
|---|---|

## ८६ मुख्य मन्त्री रोजगार कार्यक्रमः

मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविध, २०७८ बमोजिम कर्णाली प्रदेश बेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आय आर्जन कृयाकलाप संचालन गर्न सामुदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुर्‍याउने उद्देश्यले स्थानीयतह भित्र मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष १७२ जनालाई औसत ४९ दिनले ८४२८ दिन रोजगारी उपलव्ध गराई रु.७२८०२००। श्रमिक ज्याला खर्च र सामान खरिदमा रु.५६७६४११। गरी रु.१२९५६६११। खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सुनिश्चित गर्नुपर्दछ।

## ८७ प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालन निर्देशिका २०७५ वमोजिम स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा १६ योजना सञ्चालन गरी यस वर्ष ८३ जनालाई औसत ८४ दिनले ६९७२ दिन रोजगारी उपलव्ध गराई रु.४६५५२९२। श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

## ८८ सामाजिक सुरक्षा भत्ता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको

अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यो वर्ष पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण शिर्षकबाट रु.१०,८९,०६,७२४।० खर्च गरेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयवाट सोझै लाभग्राहीको खातामा जम्मा हुने गरी इएफटि मार्फत भुक्तानी गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

८८.१ लगत कट्टाको अभिलेख - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८१।८२ को लगत कट्टाको विवरण माग भएकोमा मृत्यु भएका, वसाईसराई भए गएका तथा आएका नागरिकहरुको अभिलेख प्रणालीमा जनाएको विवरण मात्र तयार गरेको छ।पालिकाले मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकीन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।

८८.२ सार्वजनिक सुनुवाई - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।आगामी दिनमा कार्यविधिको पालना गरी भत्ता वितरण गर्नुपर्दछ।

८८.३ पारदर्शिता र जवाफदेहिता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकीन हुने अवस्था देखिएन। कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नेगराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

८८.४ एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुदा नं. २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले सवै वैङ्क मार्फत उक्त विवरण प्राप्त गरी लाभग्राहीको विवरण र अवस्थाको एकिन गरेको छैन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

८८.५ निस्कृय खाता : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने र खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय

खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा विवरण माग गर्दा निष्कृय खाताको विवरण पेश भएको छैन। पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण बैकबाट प्राप्त गरी पालिकाले एकिन गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सिम्ता गाउँपालिका, सुर्खेत , सिम्ता गाउँपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भलाराम पंगाली | २०८०-१-४ | २०८१-५-२७ |
| कार्यालय प्रमुख | राजेन्द्र कुमार चन्द | २०८१-५-२७ | २०८१-९-२३ |
| लेखा प्रमुख | याम लाल पौडेल | २०७९-४-१ | २०८१-११-२ |
| लेखा प्रमुख | गणेश कुवंर | २०८१-११-१८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७०८,१०१ | ११,५३६,५२३ | ३,९०१,७१६ | ० | ० | ७६९,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १६,९१५,३४० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २४८,६३९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १६,६६६,७०१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३६६५७४९३.३३ | |
| --- | --- | --- | --- |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४६०६६४५२३.९ | चालु खर्च | ४७८९०१३७२.८ |
| प्रदेश सरकारबाट अनुदान | ४२६४०५८७ | पूँजीगत खर्च | १२२८७७५३१.९ |
| राजश्व बाँडफाँट | १०१४९६३२१.१ | वित्तीय/अन्य व्यवस्था | ५८७९०५९.५७ |
| आन्तरिक आय | ८२३७०९७.७४ | | |
| अन्य आय | ६५७४९८.९१ | | |
| कुल आय | ६१३६९६०२८.६५ | कुल खर्च | ६०७६५७९६४.२७ |
| बाँकी मौज्दात | | ४२६९५५५७.७१ | |

## अनुसूची - २

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

पालिकाको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा.नं .२७०- ०१) देहाय बमोजिम रहेको छ:

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्तिर भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणीनं | चालुआ.ब.को कारोबार | | | गतआ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १०,४८,९४,८४८.८६ | ० | १०,४८,९४,८४८.८६ | ९,५५,८३,४६१.०० | ० | ९,५५,८३,४६१.०० |
| १३००० | अनुदान | | ३७,४३,८६,६०७.९६ | ० | ३७,४३,८६,६०७.९६ | ३९,५१,७५,३९५.५७ | ० | ३९,५१,७५,३९५.५७ |
| १४००० | अन्यराजस्व | | ४५,१२,७६५.९३ | ० | ४५,१२,७६५.९३ | ४७,५९,३६८.१२ | ० | ४७,५९,३६८.१२ |
| १५००० | विविधप्राप्ति | | ६,५६,२२९.०० | ० | ६,५६,२२९.०० | ६६,५८३.०० | ० | ६६,५८३.०० |
| क | **कुलजम्मा प्राप्ति** | | ४८,४४,५०,४५१.७५ | | ४८,४४,५०,४५१.७५ | ४९,५५,८४,८०७.६९ | | ४९,५५,८४,८०७.६९ |
| ३ | चालु | | ३६,९३,६९,६४८.८१ | ० | ३६,९३,६९,६४८.८१ | ४१,९८,२०,१३४.३२ | ० | ४१,९८,२०,१३४.३२ |
| २१००० | पारिश्रमिक / सुविधा | | २४,५६,५४,८२४.०८ | ० | २४,५६,५४,८२४.०८ | २४,८५,६१,११५.८५ | ० | २४,८५,६१,११५.८५ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | १०,८९,१३,५०८.०० | ० | १०,८९,१३,५०८.०० | १२,४७,७४,५५८.३० | ० | १२,४७,७४,५५८.३० |
| २५००० | सहायता (Subsidy) | | ० | ० | ० | २६,९४,२००.०० | ० | २६,९४,२००.०० |
| २७००० | सामाजिकसुरक्षा | | १,१४,२०,५०८.०० | ० | १,१४,२०,५०८.०० | ८५,६०,९००.०० | ० | ८५,६०,९००.०० |
| २८००० | अन्यखर्च | | ३३,८०,८०८.७३ | ० | ३३,८०,८०८.७३ | ३,५२,२९,३६०.१७ | ० | ३,५२,२९,३६०.१७ |
| ४ | पूंजीगत | | १०,३४,९०,७५३.०० | ० | १०,३४,९०,७५३.०० | १२,६१,५८,६२८.१८ | ० | १२,६१,५८,६२८.१८ |
| ३१११० | भवनतथा संरचना | | २,१५,८६,६६२.०० | ० | २,१५,८६,६६२.०० | २,३९,९१,६६७.०० | ० | २,३९,९१,६६७.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २८,०३,३३२.०० | ० | २८,०३,३३२.०० | ६५,६१,६५७.०० | ० | ६५,६१,६५७.०० |
| ३११५० | सार्वजनिकनिर्माण | | ७,९१,००,७५९.०० | ० | ७,९१,००,७५९.०० | ९,५६,०५,३०४.१८ | ० | ९,५६,०५,३०४.१८ |
| ख) | **कुलजम्मा भुक्तानी** | | ४७,२८,६०,४०१.८१ | | ४७,२८,६०,४०१.८१ | ५४,५९,७८,७६२.५० | | ५४,५९,७८,७६२.५० |
| ग) | **बचत /कमी (ग = क-ख )** | | १,१५,९०,०४९.९४ | | १,१५,९०,०४९.९४ | (५,०३,९३,९५४.८१) | | (५,०३,९३,९५४.८१) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | (५८,७९,०५८.५६) | | (५८,७९,०५८.५६) | (५,८२,११४.२७) | | (५,८२,११४.२७) |
| घ.१) | **कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी** | | (१२,१६,४१०.००) | | (१२,१६,४१०.००) | (४,२९,४५१.००) | | (४,२९,४५१.००) |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ** | | ५७,१०,९९१.३८ | | ५७,१०,९९१.३८ | (५,०९,७६,०६९.०८) | | (५,०९,७६,०६९.०८) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | = ग+घ) | | | | | | | |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | | ३,६६,५७,४९२.३३ | | ३,६६,५७,४९२.३३ | ८,७६,३३,५६१.४१ | | ८,७६,३३,५६१.४१ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ४,२३,६८,४८३.७१ | | ४,२३,६८,४८३.७१ | ३,६६,५७,४९२.३३ | | ३,६६,५७,४९२.३३ |

# सुझाव

स्थानीय तहहरुद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्योंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।